# संयुक्त राष्ट्रसंघको महासभा र मित्रराष्ट्र चीन भर्मण बारे सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधि सभामा दिनुभएको जानकारी मन्तव्य

**सम्माननीय सभामुख महोदय,**
**माननीय सदस्यहरू।**

१. सम्मानित सभाको यस बैठकमा म मेरो संयुक्त राष्ट्रसंघको महासभामा सहभागिता र चीन भ्रमणको जानकारी गराउन उपस्थित भएको छु। यी भ्रमणका बारेमा जानकारी गराउनुपूर्व सर्वप्रथम म दुई विषयमा सम्मानित सदनलाई जानकारी गराउँदछु।

(१) आजै बसेको मन्त्रिपरिषद्को बैठकले सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम उच्च अदालतका पूर्व न्यायाधीश श्री डिल्लीराज आचार्यको अध्यक्षतामा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री सहकुल बहादुर थापा, पूर्व सहसचिव श्री किशोर जङ्ग कार्की र पूर्व सहसचिव श्री प्रेमराज जोशी रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको छ।

(२) नेपाल आयल निगमले हिजोदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा गरेको वृद्धि आसन्न चाडबाड र उपभोक्ता हितलाई ध्यानमा राखी तत्काल फिर्ता लिन मैले निर्देशन गरेबमोजिम नेपाल आयल निगमले सो मूल्यवृद्धिको निर्णय फिर्ता लिई पुरानै मूल्य कायम गरेको छ।

२. नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही सेप्टेम्बर १७ देखि २१ सम्म संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी भई सम्बोधन गरेपश्चात् सेप्टेम्बर २३ देखि ३० सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण सम्पन्न गरी २०८० असोज १३ गते स्वदेश फर्केको छु। संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन र चीनका प्रधानमन्त्री लि छियाङको निमन्त्रणमा चीन भ्रमणमा जानु अघि पनि मैले यस सम्मानित सदनलाई जानकारी गराएको थिएँ।

३. मित्रराष्ट्र चीनको औपचारिक भ्रमण चीनका महामहिम राष्ट्रपति सि जिनपिङले गर्नुभएको भ्रमणपछि नेपालबाट गरिएको पहिलो उच्चस्तरीय भ्रमण हो। कोभिड-१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमा कुनै भ्रमण नभएको सन्दर्भमा मेरो भ्रमणले नेपाल र चीनबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु। यस भ्रमणका दौरान चीनका महामहिम राष्ट्रपति तथा प्रधानमन्त्रीसँग सारभूत पक्षमा भएको छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मदत पुगेको छ, विगतमा भएका समझदारीहरूको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको छ।

४. चीनका महामहिम राष्ट्रपति र प्रधानमन्त्रीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता र छलफल हुँदा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक-सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध

केन्द्रित रहनुपर्ने मैले राखेको धारणाप्रति महामहिम राष्ट्रपति र प्रधानमन्त्रीले चीनको पूर्ण समर्थन रहने बताउनुभयो।

५. उच्चस्तरीय भेटहरूमा नेपालको उत्तरी सीमा क्षेत्रमा चीन तर्फबाट प्रसारण लाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत प्रसारण प्रणालीबाट विद्युतको पहुँच पुऱ्याउन नसकिने स्थानहरूमा सौर्य प्रणाली जडान, विभिन्न सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध भएका साथै परम्परागत सीमा नाकाहरूको पुनः सञ्चालन, सीमा नाकामा नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका बारेमा केन्द्रित भएको थियो। यसैगरी नेपाल-चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलहरूमा चीनबाट सोझै हवाई उडान गरर्नुका साथै विज्ञान र प्रविधिको क्षेत्रमा सहकार्य गर्ने, द्विपक्षीय व्यापार विस्तार गर्ने सम्बन्धमा समेत विस्तारपूर्वक छलफल भएको थियो।

६. नेपाल सदैव एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको र नेपाल चीन बीचको सम्बन्ध पञ्चशीलको सिद्धान्त, असल मित्रता, आपसी साझेदारी र सम्मान तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता र कानूनमा आधारित रहेको पृष्ठभूमिमा भविष्यमा यो सम्बन्धलाई थप उचाइमा लैजाने दिशातर्फ दुबै पक्षले गर्नुपर्ने कार्यका बारेमा छलफल भयो।

७. चीन भ्रमणको समयमा चीनको हाङ्जाउमा विभिन्न मुलुकका राष्ट्रप्रमुख र सरकार प्रमुख एवं उच्चस्तरीय प्रतिनिधि समेतको उपस्थितिमा चीनका

महामहिम राष्ट्रपतिले गर्नुभएको उद्घाटन समारोहमा सहभागी भई नेपाली खेलाडीहरूको हौसला बढाउने अवसर प्राप्त भएको थियो।

८. हाङ्जाउ र बेइजिङमा भएका बैठक र छलफलका अलावा चीनको छोङ्छिङ् , चीनको स्वाशासित क्षेत्र तिब्बत र छेन्दुको समेत भ्रमण गरी द्विपक्षीय सम्बन्धका बारेमा छलफल गरिएको थियो। प्रत्येक बैठकमा त्यहाँका राजनीतिक नेतृत्वबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइमा पुऱ्याउने एवं मेरो भ्रमणको अवसरमा नेपाल र चीनबाट संयुक्त रूपमा जारी वक्तव्यको पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो। यसका साथै चीनको जनकांग्रेसका अध्यक्षसँगको भेटमा संसदीय प्रणाली र कानुन निर्माणमा चीनको जनकांग्रेसको अनुभव समेत बुझ्ने अवसर प्राप्त हुनुका साथै आपसी सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो।

९. चीन भ्रमण अघि मैले संयुक्त राष्ट्र संघको चालु ७८औं महासभामा सहभागी भई उच्चस्तरीय सत्रको General Debate मा नेपालको तर्फबाट सम्बोधन गरेको थिएँ। यस सम्बोधनमा मैले प्रमुख रुपमा नेपालको शान्ति प्रक्रिया र त्यसलाई ठोस निष्कर्षमा पुर्याउन अन्तराष्ट्रिय समुदायको सहयोग, जलवायु परिवर्तन तथा यसले गर्दा नेपाल लगायत अल्पविकसित देशहरूमा पारेका प्रभाव र त्यसका निराकरणका उपायहरू, हिमाली राष्ट्रहरूका समस्या, दीगो विकासका लक्ष्यहरूको प्राप्तिमा अल्पविकसित राष्ट्रहरूका समस्या प्रस्तुत गर्दै ती समस्या समाधानमा साधनस्रोतको व्यवस्थाका लागि विश्व समुदायको गम्भीर ध्यानाकर्षण गराएको छु।

१०. यसैगरी, अतिकम विकसित तथा भूपरिवेष्टित राष्ट्रका समस्याहरूप्रति विश्वको ध्यानाकर्षण गराउँदै ती राष्ट्रहरूको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग, प्रविधि हस्तान्तरण र लगानीका माध्यमबाट गरिबी तथा असमानता हटाउँदै जानुपर्ने विषयमा विशेष जोड दिएको छु। साथै, समकालीन विश्वका प्रमुख मुद्दाहरू, मानवअधिकार, आतङ्कवाद तथा निशस्त्रीकरण बारे नेपालको दृष्टिकोण प्रस्तुत गरेको छु।

११. महासभाको मूल सत्रका अलावा दीगो विकास सम्बन्धी शिखर सम्मेलन (SDG Summit), जलवायु सम्बन्धी शिखर सम्मेलन (Climate Ambition Summit), महामारी रोकथाम, तयारी र प्रतिकार्यसम्बन्धी उच्चस्तरीय बैठक (High-level Meeting on Pandemic Prevention, Preparedness and Response), विकासका लागि वित्तसम्बन्धी उच्चस्तरीय संवाद (High-Level Dialogue on Financing for Development), स्वास्थ्यसम्बन्धी High-Level Meeting on Universal Health Coverage तथा United Nations Friends of Vision High-Level Brief लाई समेत सम्बोधन गरेको थिएँ। यी सम्बोधनहरूमा मैले नेपाल लगायत अतिकम विकसित राष्ट्रहरूको तर्फबाट समेत दिगो विकासका लक्ष्यप्राप्तिका समस्या र त्यसको समाधान, जलवायु परिवर्तनका प्रभाव र सोको न्यूनीकरणमा सहयोग गर्न अतिकम विकसित मुलुकहरूका लागि सहज वित्तीय पहुँचको सुनिश्चितता, कोभिड-१९ लगायतका महामारी र सोबाट गरिब मुलुकहरूका अर्थतन्त्रमा परेका समस्याका बारेमा विस्तृत र स्पष्ट दृष्टिकोण राखेको थिएँ।

१२. संयुक्त राष्ट्रसंघको महासभाकै दौरान अमेरिकी राष्ट्रपति एवं संयुक्त राष्ट्रसंघका महासचिव लगायत विभिन्न मुलुकका राष्ट्रप्रमुख र सरकार प्रमुखसँग द्विपक्षीय भेटघाट भएको थियो। मैले र प्रतिनिधिमण्डलका सदस्य माननीय परराष्ट्र मन्त्रीले संयुक्त राष्ट्रसंघका सम्बन्धित अधिकारीहरूसँग गरेको छलफलमा शान्तिकर्मीहरूको सुरक्षा, बन्दोबस्तीका लागि भएको खर्चको समयमै सोधभर्ना तथा निकासा लगायत नेपालले गरेको अटुट र उच्चतहको योगदानको कदरस्वरुप जिम्मेवार तथा उच्च पदहरूमा नेपालको समुचित प्रतिनिधित्व हुनुपर्ने विषयलाई प्रमुख रुपमा मुखरित गरिएको छ।

१३. समग्रमा दुवै भ्रमणहरू सफल भएको मैले ठानेको छु। चीनको भ्रमणले झण्डै चार वर्ष लामो नेतृत्व तहबाट एक अर्को मुलुकमा भ्रमण नभएको स्थितिको अन्त्य गरेको छ। उच्चस्तरमा भएको द्विपक्षीय वार्ताबाट छिमेकीहरूका संवेदनशील विषयहरूमा नेपालले पालना गर्दै आएको नीतिको पुनर्पुष्टि भएको छ, राजनीतिक तहमा विश्वासको वातावरण बनेको छ, पूर्वाधार निर्माण, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा द्विपक्षीय सहयोग र सहकार्यलाई तिब्रता दिने मार्गप्रशस्त भएको छ, र अझ महत्त्वपूर्ण त नेपाल र नेपाली जनताप्रति चीनियाँ नेताहरूको सद्भावमा अभिवृद्धि भएको छ।

१४. त्यसैगरी, संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्रीस्तरमा भएको सहभागिताबाट नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय समुदायको सद्भाव हासिल गर्ने, नेपालमा द्वन्द्वबाट

शान्तितर्फ रुपान्तरणको सफल उदाहरणलाई अन्तर्राष्ट्रिय समुदायले उचित मान्यता दिनुपर्ने, दीगो विकासका लक्ष्यहरूको कार्यान्वयन तथा जलवायु परिवर्तनका प्रभावहरू बारे नेपाल लगायत अति कम विकसित मुलुकहरूका चुनौति र तिनको सम्बोधनका लागि विश्व समुदायको ध्यानाकर्षण गराउने विषयमा नेपाल यसपटक देखिने गरी प्रस्तुत गर्न सफलता मिलेको छ।

धन्यवाद !